

राष्ट्रिय दैनिक

पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ मंसिर २ गते बुधबार ❑ 18 Nov. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

सहकारी ठगी मुद्दामा नेपाली सहित सात जनालाई कैद र जरिवाना

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

कास्की जिल्ला अदालतले पोखराको इमेज बचत तथा ऋण सहकारी संस्थाको बचत रकम ठगी गर्ने उक्त सहकारीका तत्कालीन संस्थापक अध्यक्ष देवकुमार नेपालीसहित सात जनालाई कैद र जरिवानाको फैसला गरेको छ।

अदालतका शाखा अधिकृत तारानाथ पोखरेलका अनुसार संस्थापक अध्यक्ष नेपालीलाई आठ वर्ष कैद सजया र रु. एक करोड २६ लाख २३ हजार जरिवाना तोकिएको छ । त्यस्तै सहकारीका सञ्चालक चित्रबहादुर भण्डारी र शक्ति किसानलाई जनही सात वर्ष कैद र रु. एक करोड २६ लाख २३ हजार जरिवानाको फैसला भएको उहाँले जानकारी दिनुभयो।

अर्का प्रतिवादी निशा कार्की, भूमि भण्डारी, विष्णु पौडेल र विमला गुरुङलाई जनही छ वर्ष कैद सजाय र रु. २६ लाख २३ हजार जरिवाना तोकिएको शाखा अधिकृत पोखरेलले बताउनुभयो। जरिवानासँगै रु. १८ करोड ९६ लाख ५९ हजार बिगो माग भएको उहाँको भनाइ छ । न्यायाधीश चन्द्रप्रकाश तिवारीको एकल इजलासले गत कात्तिक १७ उक्त फैसला गरेको र फैसलाको पूर्णपाठ आउन बाँकी रहेको उहाँले बताउनुभयो । बचतकर्ताहरुले सहकारीका संस्थापक अध्यक्ष नेपालीलगायत १५ जना विरुद्ध गतवर्ष दायर गरेको अभियोगमाथि सुनुवाई गर्दै अदालतले उक्त फैसला गरेको हो । विसं २०७९ को स्थानीय तह निर्वाचनमा बागलुङको ढोरपाटन नगरपालिकाको प्रमुखमा निर्वाचित नेपाली बागलुङमा रहेको सोही नामको सहकारी ठगी प्रकरणमा विसं २०८१ असोजदेखि पुर्पक्षका लागि बागलुङ कारागारमा थुनामा हुनुहुन्छ । उहाँमाथि पोखरा र बागलुङमा रहेको इमेज बचत तथा ऋण सहकारी संस्थाको अर्बौं रुपैयाँ हिनामिना पारेको आरोप छ।

पोखरामा पनि कर सप्ताह मनाउन सुरु, पहिलो दिनमा प्रभातफेरी

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

कर तिर्नु नागरिकको दायित्व मात्रै होइन, सुशासन र समृद्धिको आधार पनि हो भन्ने सन्देशसहित पोखरामा राष्ट्रिय कर दिवस तथा कर सप्ताह मनाउन सुरु गरिएको छ।

राष्ट्रिय कर दिवस २०८३ को अवसरमा आन्तरिक राजस्व कार्यालय पोखराले मंगलबार बिहान प्रभातफेरी आयोजना गर्दै सप्ताहव्यापी कार्यक्रमको सुरुवात गरेको हो। 'कर न्याय र सुशासनको सुनिश्चितता, समृद्धिमा नागरिक सहभागिता' भन्ने मूल नाराका साथ आयोजित प्रभातफेरी पोखरा सभागृहबाट सुरु भएको थियो । सृजनाचोक, रत्नचोक, वाई चोक, राष्ट्र बैंक चोक हुँदै सहिदचोकबाट रत्नचोकस्थित आन्तरिक राजस्व कार्यालय पुगेर प्रभातफेरी समापन गरिएको थियो । प्रभातफेरीमा पोखरा उद्योग वाणिज्य सङ्घ, लेखनाथ उद्योग वाणिज्य सङ्घ, पोखरा पर्यटन परिषद्, नेपाल निर्माण व्यवसायी सङ्घ कास्की, पोखरा चेम्बर अफ कमर्स, महिला उद्यमी सङ्घ नेपाल कास्की लगायत विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू प्लेकार्डसहित सहभागी भएका थिए।



कर सप्ताहको अवसरमा आन्तरिक राजस्व कार्यालय पोखराले मङ्सिर १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम सञ्चालन गर्दैछ। कर प्रणालीबारे नागरिकलाई जानकारी गराउने, करदातामा सचेतना बढाउने, कर सहभागिता विस्तार गर्ने तथा कर प्रशासन र करदाताबीचको सम्बन्धलाई थप सुमधुर बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको कार्यालयका प्रमुख कर अधिकृत शिवप्रसाद दुङ्गानाले बताउनुभयो । सप्ताहअन्तर्गत मङ्सिर २ देखि ६ गतेसम्म पोखराका विभिन्न स्थानमा वस्तुगत सङ्घसंस्थाका प्रतिनिधिसँग करसम्बन्धी अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममार्फत करदाताका दायित्व, कर प्रणालीका व्यवस्था र कर सहभागिताका विषयमा जानकारी दिइने कार्यालयले जनाएको छ । त्यस्तै, मङ्सिर ५ र ६ गते छोरेपाटनस्थित डेभिस फल फुटसल सेन्टरमा मैत्रीपूर्ण फुटसल प्रतियोगिता आयोजना गरिनेछ । सप्ताहको अन्तिम दिन मङ्सिर ७ गते आन्तरिक राजस्व कार्यालय पोखराको परिसरमा विशेष समारोह आयोजना गरी उत्कृष्ट करदातालाई सम्मान गर्ने कार्यक्रम रहेको छ । उक्त अवसरमा कास्कीबाट सेवा तथा अन्य वस्तुगत क्षेत्रका दुई जना र स्याङ्जाबाट एक जना गरी तीन जना करदातालाई सम्मान गर्ने तयारी गरिएको प्रमुख कर अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो । यसैबीच, आन्तरिक राजस्व कार्यालय पोखराले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चार महिनामा राजस्व सङ्कलन लक्ष्यभन्दा बढी गरेको छ। कार्यालयले साउनदेखि कात्तिक मसान्तसम्म निर्धारित लक्ष्यको १०३.६६ प्रतिशत राजस्व सङ्कलन गरेको हो । प्रमुख कर अधिकृत ढुङ्गानाका अनुसार उक्त अवधिमा १ अर्ब ९६ करोड ४५ लाख ७९ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकामा २ अर्ब ३ करोड ६५ लाख २९ हजार रुपैयाँ सङ्कलन भएको छ । यो निर्धारित लक्ष्यभन्दा ७ करोड १९ लाख ५० हजार रुपैयाँ बढी हो ।

फोहोरबाट मोहोर बनाउने अभियान सहित 'आरयू फेस्ट' हुने

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

फोहोरबाट मोहोर बनाउने अभियान सहित पोखरामा बुधबार देखि 'आरयू फेस्ट' हुने भएको छ।

पोखरा महानगरपालिकाको आयोजनामा रिसाइकलिङ तथा अपसाइकलिङमार्फत हरित रोजगारी सिर्जना (जीसीआरयू) परियोजनाअन्तर्गत दोस्रो संस्करणको 'आरयू फेस्ट २०२६ : रि-थिंक २०२६' यही मङ्सिर २ र ३ गते पोखरा-६, बुलौदीस्थित पोखरा इभेन्ट सेन्टरमा सञ्चालन हुने भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । घर, सडक र बजारमाफालिनेफोहोरलाईकसरी उपयोगी वस्तुमा बदल्न सकिन्छ ? प्रयोग भइसकेका सामग्रीलाई पुनः प्रयोग गरेर आम्दानी र रोजगारीको अवसर कसरी सिर्जना गर्न सकिन्छ ? यस्तै विषयलाई व्यवहारमै देखाउने उद्देश्यसहित उक्त फेष्ट आयोजना गरिएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताउनुभयो । कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) नेपालको सहयोगमा आयोजना हुन लागेको दुईदिने महोत्सवले फोहोरलाई समस्याका रूपमा मात्र नभई पुनः प्रयोग र प्रशोधनमार्फत आम्दानी, रोजगारी तथा आर्थिक अवसर सिर्जना गर्न सकिने स्रोतका रूपमा बुझाउने लक्ष्य राखेको छ। 'फोहोरलाई नयाँ दृष्टिकोणबाट हेरौं, यसको मूल्य पहिचान गरौं र पोखराको भविष्यलाई चक्रीय बनाऔं' भन्ने सन्देशसहित आयोजना हुने फेस्टमा पुराना तथा प्रयोग भइसकेका सामग्रीबाट तयार गरिएका नयाँ उत्पादनको प्रदर्शनी र बिक्रीसमेत हुनेछ। यसले रिसाइकलिङ तथा अपसाइकलिङ व्यवसायमा संलग्न उद्यमी, युवा, विद्यार्थी र सर्वसाधारणलाई एउटै मञ्चमा जोड्ने अपेक्षा गरिएको छ।



मेयर आचार्यले पोखरामा रिसाइकलिङ तथा अपसाइकलिङका लागि छुट्टै भवन निर्माणको कामसमेत अन्तिम चरणमा पुगेको बताउनुभयो। उक्त भवन निर्माण सम्पन्न भएपछि प्रयोग भइसकेका सामग्रीबाट पुनः प्रयोग गर्न मिल्ने वस्तु उत्पादन गर्ने काम भवनभित्रै सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार फोहोरलाई व्यवस्थापन गर्ने विषयमा मात्र सीमित नराखी त्यसबाट नयाँ वस्तु उत्पादन र रोजगारी सिर्जना गर्ने वातावरण बनाउन महानगरले पहल गरिरहेको छ । त्यस्तै, पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पौडेलले आरयू फेस्टले पोखरामा फोहोरको वर्गीकरण, पुनः प्रयोग र व्यवस्थापनसम्बन्धी चेतना अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । फोहोरलाई स्रोतका रूपमा उपयोग

बाँकी अन्तिम पृष्ठमा ▶▶

विश्व शान्तिको कामना गर्दै पोखराबाट लुम्बिनीसम्म २२० किलोमिटर ध्यानमय पदयात्रा हुने

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

विश्व शान्तिको कामना गर्दै मानिसको मनमा शान्ति, प्रेम, करुणा र सकारात्मक चेतनाको विकास गर्ने उद्देश्यसहित पोखराको बराडदेखि भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीसम्म २२० किलोमिटर लामो ध्यानमय पदयात्रा हुने भएको छ।


विकासनन्द फाउन्डेसन विश्व परिवारको आयोजनामा यही मङ्सिर ३ गतेदेखि १२ गतेसम्म दोस्रो मनोक्रान्ति विश्व शान्ति ध्यानमय पदयात्रा सञ्चालन हुने भएको आज पोखरा २३ को बराङमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । 'आफ्नो लागि साधना, अरूका लागि सेवा' भन्ने मूल नारासहित आयोजना हुन लागेको पदयात्रामा साधक-साधिकासहित करिब ४५ जनाको सहभागिता रहने आयोजकले जनाएको छ। पदयात्राबारे जानकारी दिन विकासानन्द फाउन्डेसनमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा मनोक्रान्तिका प्रवर्तक डा.योगी विकासानन्दले विश्व शान्तिको सुरुवात प्रत्येक व्यक्तिको मनबाट हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "विश्व शान्ति चाहने हो भने सबैभन्दा पहिले मानिस आफैं शान्त हुनुपर्छ । संसारमा अशान्ति फैलिनुको प्रमुख कारण मानिसको मनमा रहेको अशान्ति हो। मन शान्त भए मात्रै मानिसले अरूलाई खुसी दिन सक्छ र समाजमा प्रेम, सद्भाव तथा सहअस्तित्वको भावना विकास गर्न सक्छ।" मनलाई विचार हरूको शृङ्खलाका रूपमा व्याख्या गर्दै उहाँले आफ्ना विचार, भावना र व्यवहारलाई बुझ्न तथा तिनलाई सकारात्मक दिशामा रूपान्तरण गर्न ध्यान आवश्यक रहेको बताउनुभयो। बाहिरी संसारलाई परिवर्तन गर्नुअघि आफ्नै मन र चेतनामा परिवर्तन ल्याउन सके मात्रै वास्तविक शान्ति सम्भव हुने उहाँको भनाइ थियो।

डा. विकासानन्दका अनुसार ध्यानमय पदयात्रा केवल एक ठाउँबाट अर्को ठाउँसम्म पुग्ने शारीरिक यात्रा मात्र नभई आत्मचिन्तन, आत्मबोध र मानसिक रूपान्तरणको अभ्यास पनि हो। हिँडाइका प्रत्येक पाइला, श्वासप्रश्वास र वर्तमान क्षणप्रति सचेत रहँदै गरिने यस्तो अभ्यासले मानिसलाई आफ्नो मन र भावनालाई साक्षीभावले नियाल्न सहयोग पुऱ्याउने उहाँले बताउनुभयो । पदयात्रामा उमेर र शारीरिक अवस्थाअनुसार विभिन्न उमेर समूहका व्यक्तिहरू सहभागी हुने आयोजकले जनाएको छ । बालकदेखि ७९ वर्षीया ज्येष्ठ आमासम्मको सहभागिता रहने जानकारी दिँदै सहसंयोजक खगेन्द्र पराजुलीले पदयात्राको स्थानीय तथा व्यवस्थापकीय तयारी पूरा भएको बताउनुभयो । स्थानीय संयोजक डिलाराम लामिछानेले पदयात्रालाई सफल बनाउन आवश्यक समन्वय, व्यवस्थापन र तयारीका काम सम्पन्न भएको जानकारी दिनुभयो। मनोक्रान्ति आश्रम बराङमा गुरुदेवको प्रत्यक्ष उपस्थितिमा लामो समयदेखि ध्यान साधनामा संलग्न साधक-साधिकाहरूका लागि यो पदयात्रा विशेष आध्यात्मिक अवसरका रूपमा रहने आयोजकको विश्वास छ।

१० दिनसम्म सञ्चालन हुने पदयात्रा पोखराको बराङबाट सुरु भई स्याङ्जा, पाल्पा र रूपन्देहीका विभिन्न धार्मिक, आध्यात्मिक तथा पर्यटकीय स्थल हुँदै लुम्बिनी पुगेर समापन हुनेछ । निर्धारित पदयात्रा मार्गअनुसार मङ्सिर ३ गते पोखराको बराङबाट मुडीखोला, स्वाँरातर्फ यात्रा प्रारम्भ हुनेछ। मङ्सिर ४ गते छाङ्छाङ्दी मन्दिर, मङ्सिर ५ गते वालिङको भकुण्डे, मङ्सिर ६ गते मालुङ्गा तथा उत्तरवाहिनी क्षेत्र, मङ्सिर ७ गते आयुर्भञ्ज्याङ र मङ्सिर ८ गते ओशो ध्यान केन्द्र प्रभासतर्फ यात्रा अघि बढ्नेछ । त्यसपछि मङ्सिर ९ गते सिद्धबाबा मन्दिर क्षेत्र हुँदै मङ्सिर १० गते बुटवलबाट भैरहवा र मङ्सिर ११ गते भैरहवाबाट लुम्बिनीतर्फ पदयात्रा गरिनेछ। मङ्सिर १२ गते लुम्बिनीमा समापन समारोह आयोजना हुनेछ । पदयात्राका क्रममा विभिन्न स्थानमा योग, ध्यान तथा गुरुदेवको विशेष प्रवचन कार्यक्रमसमेत सञ्चालन गरिने भएको छ। मङ्सिर ३ गते पोखराको विरौटास्थित रोयल महल बैंक्वेटमा कार्यक्रम आयोजना हुनेछ। मङ्सिर ५ गते वालिङ भकुण्डेस्थित नेपाल आदर्श क्याम्पसमा कार्यक्रम हुनेछ। त्यसैगरी, मङ्सिर १० गते बुटवलको कालिकानगरस्थित कालिका मानवज्ञान माध्यमिक विद्यालयमा, मङ्सिर ११ गते भैरहवास्थित मारवाडी सेवा रूप कार्यालयमा र मङ्सिर १२ गते लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म योग, ध्यान तथा विशेष प्रवचन कार्यक्रम सञ्चालन गरिने आयोजकले जनाएको छ।

पदयात्राको अन्तिम दिन मङ्सिर १२ गते दिउँसो ३ बजेदेखि लुम्बिनीमा विशेष ध्यान तथा विश्व शान्ति दीप प्रज्वलन कार्यक्रम आयोजना गरी यात्राको औपचारिक समापन गरिने भएको छ । मनोक्रान्तिको मूल

बाँकी अन्तिम पृष्ठमा ▶▶



गण्डकी रेन्बो ट्राउट फार्ममा मत्स्य दिवस तथा फिसिङ फेस्टिभल हुने तयारी

पोखरापत्र संवाददाता
पोखरा, १ मंसिर

स्थानीय उत्पादनको प्रवर्द्धन, पर्यटन विकास र रोजगारी सिर्जनालाई मुख्य उद्देश्य बनाउँदै गण्डकी रेन्बो ट्राउट फार्मले विश्व मत्स्य दिवसको अवसरमा पहिलोपटक 'मत्स्य दिवस तथा फिसिङ फेस्टिभल' आयोजना गर्ने भएको छ ।

यही मंसिर ५ गते आयोजना हुने उक्त महोत्सवमा ट्राउट माछाका विभिन्न परिकारसँगै माछा मार्ने प्रतियोगिता, सांस्कृतिक कार्यक्रम तथा स्थानीय उत्पादनको प्रदर्शनी सहित 'मत्स्य दिवस तथा फिसिङ फेस्टिभल' हुने भएको गण्डकी रेन्बो ट्राउट फार्मका अध्यक्ष लक्षिन गुरुङले बताउनु भयो ।

फेस्टिभलमा सहभागी हुने आगन्तुकले आफैँ बल्छी थापेर ट्राउट माछा मार्न पाउनेछन् भने आफूले मारेको माछा आफ्नै स्वाद र रोजाइअनुसार पकाएर खान पाउने व्यवस्था पनि मिलाएको उहाँले बताउनु भयो । यसका साथै बल्छीबाट माछा समात्ने प्रतियोगिता, मनोरञ्जनात्मक गतिविधि र स्थानीय कलाकारहरूको सांगीतिक तथा सांस्कृतिक प्रस्तुति रहने भएको छ ।

विशेषगरी गुरुङ समुदायको मौलिक कला, संस्कृति र पहिचान झल्काउने भेषभूषामा सजिएर फोटो खिच्न सकिने व्यवस्था पनि फेस्टिभलको अर्को आकर्षण हुने भएको छ । महोत्सवमा ट्राउट माछाका फ्राई, मःमः, छोइला लगायतका विभिन्न स्वादिष्ट परिकार पस्किने तयारी गरिएको छ । माछाका परिकारसँगै स्थानीय उत्पादनलाई समेत प्राथमिकता दिइने आयोजकले जनाएको छ । जेठोबुढो चामलको भात, अर्गानिक तरकारी तथा स्थानीय फलफूल र कृषि उपज समेटेर 'फार्म टु टेबल' अवधारणालाई प्रवर्द्धन गरिने भएको अध्यक्ष गुरुङले जनाउनु भयो । गण्डकी ट्राउट फार्मले विगत १७ वर्षदेखि नियमित रूपमा ट्राउट माछापालन तथा पर्यटनसँग सम्बन्धित गतिविधि सञ्चालन गर्दै आएको छ । यसअघि फार्ममा नियमित रूपमा आउने ग्राहक तथा पर्यटकको संख्या १ हजार ५०० देखि १ हजार ६०० सम्म रहने गरेकोमा यसपटक फेस्टिभलमार्फत करिब ५ हजार दर्शक तथा आगन्तुक भित्र्याउने लक्ष्य राखिएको छ ।

फेस्टिभलले माछापालन व्यवसायलाई पर्यटनसँग जोड्दै स्थानीय उत्पादनको बजारीकरण र आर्थिक गतिविधि विस्तारमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको उहाँले बताउनु भयो ।

त्यस्तै, गण्डकी ट्राउट फार्मका प्रबन्ध निर्देशक अमृत गुरुङले विश्व मत्स्य दिवसलाई केवल उत्सवका रूपमा मात्र नभई स्थानीय उत्पादनको प्रवर्द्धन, पर्यटन विकास र रोजगारी सिर्जनाको अवसरका रूपमा उपयोग गर्न फेस्टिभल आयोजना गरिएको प्रष्ट्याउनु भयो । 'विश्व मत्स्य दिवसको अवसरमा आफ्नै उत्पादनको प्रवर्द्धन, पर्यटन विकास र रोजगारी सिर्जना गरौँ भन्ने मूल नाराका साथ मंसिर ६ गते फिसिङ फेस्टिभल आयोजना गरेका छौँ । यस अवसरमा सम्पूर्ण ग्राहक, पर्यटक तथा शुभेच्छुकहरूलाई उपस्थित भई कार्यक्रमको अवलोकन तथा सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दछु,' प्रबन्ध निर्देशक गुरुङले भन्नुभयो ।

स्थानीय उत्पादनको स्वाद, ट्राउट माछा मार्ने रोमाञ्चक अनुभव, मौलिक गुरुङ संस्कृति र सांगीतिक मनोरञ्जनलाई एउटै उत्सवमा समेट्ने उद्देश्यसहित आयोजना हुन लागेको फेस्टिभलले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

आयोजक गण्डकी ट्राउट फार्म परिवारले मंसिर ५ गते हुने प्रथम मत्स्य दिवस तथा फिसिङ फेस्टिभलमा सहभागी भई माछाका परिकारको स्वाद लिन, मनोरञ्जन गर्न र स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न सम्पूर्ण सर्वसाधारण, पर्यटक तथा शुभेच्छुकलाई आव्हान गरेको छ ।

त्रिवेणी रङ्गशालाको मुख्यमन्त्री पाण्डेद्वारा स्थलगत अवलोकन

पोखरापत्र संवाददाता
गण्डकी, १ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लमजुङको बँसीसहर नगरपालिका-७ सहजीस्थित त्रिवेणी रङ्गशालाको स्थलगत अवलोकन गर्नुभएको छ ।

मुख्यमन्त्री पाण्डेसहित प्रदेशका पूर्वमन्त्री भेषबहादुर पौडेल, प्रदेशसभा सदस्य पार्वती तामाङलगायतले सोमबार रङ्गशालाको अवलोकन गर्नुभएको हो । सो अवसरमा मुख्यमन्त्री पाण्डेले रङ्गशालाको पूर्वाधार विकासका लागि तत्काल रु १० लाख उपलब्ध गराउने घोषणा गर्नुभएको छ । उहाँले लमजुङकै प्रतिष्ठित खेल मैदानका रूपमा रहेको त्रिवेणी रङ्गशालालाई व्यवस्थित बनाउन प्रदेश सरकारको ध्यान गएको बताउनुभयो ।

खेल मैदानको स्तरोन्नति र आवश्यक पूर्वाधार विकास गर्नसके खेलाडी उत्पादन तथा खेलकुदप्रति युवाको आकर्षण बढाउन सकिने उहाँको भनाइ थियो ।

खेलकुदले खेलाडीको प्रतिभा पहिचान र विकाससँगै नागरिकको स्वास्थ्यमा सकारात्मक योगदान पुऱ्याउने भएकाले प्रदेश सरकारले खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेको उहाँले बताउनुभयो ।

आवश्यक सहयोग उपलब्ध गराउँदै खेलकुद पूर्वाधार निर्माण र विकासमा प्रदेश सरकारले अग्रसरता लिँदै आएको उहाँको भनाइ थियो । प्रदेशका पूर्वमन्त्री एवं त्रिवेणी युवा क्लबका पूर्वअध्यक्ष पौडेलले रङ्गशालालाई थप व्यवस्थित बनाउन प्रदेश सरकारसहित विभिन्न क्षेत्रबाट सहयोग आवश्यक रहेको बताउनुभयो । विगतमा खेलमैदान व्यवस्थापनमा निकै समस्या रहे पनि विभिन्न निकाय र क्षेत्रको सहयोगबाट अहिलेको अवस्थामा आइपुगेको उहाँले उल्लेख गर्नुभयो । केही सुधार भए पनि रङ्गशालालाई व्यवस्थित र सुविधा सम्पन्न बनाउन अझै धेरै काम गर्न बाँकी रहेको उहाँको भनाइ थियो ।

त्रिवेणी युवा क्लबका अध्यक्ष टेकजङ गुरुङले रङ्गशालाको स्तरोन्नति र पूर्वाधार विकासका लागि आवश्यक सहयोग गरिदिन मुख्यमन्त्री तथा प्रदेश सरकारसँग आग्रह गर्नुभयो । बजेट अभावका कारण अपेक्षाअनुसार रङ्गशालालाई व्यवस्थित बनाउन नसकिएको उल्लेख गर्दै उहाँले यसलाई लमजुङ मात्र नभई गण्डकी प्रदेशकै नमुना रङ्गशालाका रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो ।

उहाँले रङ्गशालाको पूर्वाधार विकासका लागि विगतदेखि नै प्रदेश सरकारसँग सहयोग माग्दै आएको र आगामी दिनमा पनि आवश्यक पहल जारी राख्ने बताउनुभयो । त्रिवेणी युवा क्लबले हरेक वर्ष आयोजना गर्दै आएको त्रिवेणी कप फुटबल प्रतियोगिता जिल्लाकै ठूलो तथा प्रतिष्ठित खेलकुद प्रतियोगिताका रूपमा परिचित छ । राष्ट्रियस्तरका क्लब तथा खेलाडीको सहभागिता रहने प्रतियोगिताले जिल्लामा खेलकुद गतिविधि बढाउनुका साथै स्थानीय खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गर्दै आएको छ । प्रतियोगिताको नियमित आयोजनाले रङ्गशालाको महत्त्व र पूर्वाधार विकासको आवश्यकतालाई थप उजागर गरेको छ ।

हिमालय आँखा अस्पतालको सेवा अब व्यास नगरपालिकामा

पोखरापत्र संवाददाता
तनहुँ, १ मंसिर

तनहुँको व्यास नगरपालिकामा आँखा उपचार केन्द्र सञ्चालनमा आएको छ । नेपाल नेत्रज्योति संघ, हिमालय आँखा अस्पताल पोखरा र व्यास नगरपालिकाको सहकार्यमा स्थापना गरिएको आँखा उपचार केन्द्रको शुभारम्भ गरिएको छ ।

उपचार केन्द्र सञ्चालनमा आएसँगै व्यास नगरपालिकाका सर्वसाधारणले सामान्य आँखा परीक्षण तथा उपचारका लागि पोखरा वा अन्य स्थानमा पुग्नुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ । केन्द्रको शुभारम्भ गर्नुहुँदै व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले नगरवासीलाई सहज, सुलभ र स्थानीयस्तरमै आँखा उपचार सेवा उपलब्ध गराउने उद्धेश्यले उपचार केन्द्र सञ्चालनमा ल्याइएको बताउनुभयो । नगरपालिकाभित्रै आँखा उपचार सेवा सुरु भएपछि सामान्य समस्या लिएर पनि पोखरा पुग्नुपर्ने अवस्थाको अन्त्य हुने उहाँको विश्वास थियो ।

उहाँले स्वास्थ्य सेवालाई नागरिकको पहुँचसम्म पुऱ्याउनु स्थानीय सरकारको



प्राथमिकतामध्येको एक भएको उल्लेख गर्दै उपचार केन्द्रलाई प्रभावकारी र नियमित रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल नेत्रज्योति सङ्घ कास्कीका अध्यक्ष एवं हिमालय आँखा अस्पतालका अध्यक्ष सुरेन्द्र थापाले हिमालय आँखा अस्पतालले आर्थिक अवस्था कमजोर भएका, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकको आँखा उपचारमा निःशुल्क सेवा प्रदान गर्दै आएको जानकारी दिनुभयो ।

उहाँले कुनै पनि स्वास्थ्य संस्था वा उपचार केन्द्र शुभारम्भ गर्नु मात्र ठूलो कुरा नभई त्यसलाई निरन्तरता दिनु र सेवाग्राहीले नियमित सेवा पाउने वातावरण बनाउनु महत्वपूर्ण हुने बताउनुभयो । उपचार केन्द्रलाई दीर्घकालीन रूपमा प्रभावकारी बनाउन सबै पक्षको सहयोग र समन्वय आवश्यक रहेको उहाँको भनाइ थियो । हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका सदस्य प्राडा दिलबहादुर क्षेत्रीले आँखाको स्वास्थ्यप्रति सबै सचेत हुनुपर्ने बताउनुभयो । उहाँले आँखाको नियमित परीक्षणमा लापरवाही नगर्न आग्रह गर्दै समयमै परीक्षण र उपचार गर्न सके आँखासम्बन्धी धेरै समस्याबाट बच्न सकिने धारणा राख्नुभयो । व्यास नगरपालिकाका उपप्रमुख इन्दिरा दरैले नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर विभिन्न समयमा स्वास्थ्य शिविर तथा जनस्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । नागरिकलाई आधारभूत स्वास्थ्य सेवा आफ्नै नगरभित्र उपलब्ध गराउने प्रयासअन्तर्गत आँखा उपचार केन्द्र सञ्चालनमा ल्याइएको उहाँको भनाइ थियो । यसैगरी उपचार केन्द्रमा आवश्यक कर्मचारी तथा प्राविधिक जनशक्तिको व्यवस्थापन हिमालय आँखा अस्पताल पोखराले गर्ने व्यवस्था मिलाइएको छ । यसले उपचार केन्द्रबाट प्रदान गरिने सेवाको गुणस्तर र निरन्तरतामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

शुभारम्भको दिन सेवाग्राहीका लागि निःशुल्क आँखा परीक्षणको व्यवस्था गरिएको छ । बुधबारदेखि भने आँखा परीक्षणका लागि प्रतिव्यक्ति रु ५० शुल्क निर्धारण गरिएको छ । स्थानीयस्तरमै आँखा उपचार सेवा उपलब्ध हुन थालेपछि व्यास नगरपालिकाका साथै आसपासका क्षेत्रका नागरिकलाई समेत सहज हुने अपेक्षा गरिएको छ । सामान्य आँखा परीक्षण तथा उपचारका लागि टाढा जानुपर्ने समय र खर्च बचत हुनुका साथै समयमै उपचार सेवा प्राप्त गर्न पनि सहयोग पुग्ने विश्वास गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले बताउनुभयो ।

फोहोरबाट ...

गर्ने संस्कार विकास गर्न यस्ता कार्यक्रम महत्वपूर्ण हुने उहाँको भनाइ छ । महोत्सवमा रिसाइकलिङ तथा अपसाइकलिङबाट तयार गरिएका सामग्रीको प्रदर्शनी तथा बिक्री मुख्य आकर्षण रहनेछ । जीसीआरयू परियोजनाको सहयोगमा प्रवर्द्धित स्थानीय उद्यमीका उत्पादनसँगै छनोट भएका पाँच विद्यालयका आरयू क्लबका विद्यार्थीले तयार गरेका सामग्रीसमेत प्रदर्शन तथा बिक्री गरिनेछ । त्यस्तै, चार सयभन्दा बढी धावक सहभागी हुने अपेक्षा गरिएको 'आरयू ट्रेजर हन्ट रन' पनि आयोजना हुनेछ । विद्यालयका विद्यार्थी, युवा नवप्रवर्तक, डिजाइनर तथा विश्वविद्यालयका विद्यार्थीलाई लक्षित गरी चक्रीय नवप्रवर्तन चुनौती सञ्चालन गरिनेछ । सहभागीले फोहोरको पुनः प्रयोग र चक्रीय अर्थतन्त्रमा आधारित नयाँ सोच तथा सिर्जनात्मक समाधान प्रस्तुत गर्न सक्नेछन् । प्रयोग भइसकेका कपडा तथा अन्य सामग्रीबाट तयार गरिएका पोसाक र कलाकृतिको अपसाइकल फेसन तथा कला प्रदर्शनी पनि महोत्सवको अर्को आकर्षण हुनेछ । यसका साथै अन्तरक्रियात्मक खेल, प्रयोगात्मक कार्यशाला, नाट्य प्रस्तुति, फोहोरबाट खेलौना निर्माण तथा बालबालिकालाई लक्षित आरयू कथापुस्तक विमोचनलगायतका कार्यक्रम सञ्चालन हुनेछन् । यसअघि सन् २०२५ अगस्ट १ र २ मा आयोजना भएको पहिलो संस्करणमा २७ वटा प्रदर्शक सहभागी भएका थिए । मङ्सिर २ र ३ गते बिहान १० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने महोत्सवमा प्रवेश निःशुल्क रहनेछ । आयोजकले विद्यार्थी, युवा, उद्यमी, पर्यटन व्यवसायी, निजी क्षेत्र, सामुदायिक संस्था तथा सर्वसाधारणलाई महोत्सवमा सहभागी भई फोहोरलाई स्रोतमा बदल्ने अभियानमा हातेमालो गर्न आग्रह गरेको छ । फोहोर फाल्ने ठाउँबाटै समस्या सुरु हुन्छ भन्ने सोचलाई परिवर्तन गर्दै फोहोरबाट नयाँ उत्पादन, आम्दानी र रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने सन्देश दिन खोजिएको आरयू फेस्ट २०२६ पोखरालाई हरित, स्वच्छ र दिगो सहर बनाउने अभियानको एउटा महत्वपूर्ण अवसर बन्ने अपेक्षा गरिएको छ ।

विश्व ...

दर्शन मानिसको मन, विचार, भावना र चेतनामा सकारात्मक परिवर्तन ल्याउनु रहेको आयोजकको भनाइ छ । पछिल्लो समय मानिसमा बढ्दै गएको मानसिक तनाव, चिन्ता, भय, निराशा, एक्लोपन, अनिद्रा र भावनात्मक असन्तुलनलाई सम्बोधन गर्न ध्यान तथा योगको अभ्यास महत्वपूर्ण हुने डा. विकासानन्दले बताउँदै आउनुभएको छ ।

उहाँका अनुसार मानिसले बाहिरी सुख, सुविधा र समृद्धि प्राप्त गरे पनि मनमा शान्ति नहुँदा जीवनमा वास्तविक आनन्द अनुभूति गर्न सक्दैन । त्यसैले मनलाई बुझ्ने, विचारलाई नियाल्ने, भावनालाई स्वीकार गर्ने र वर्तमान क्षणमा सचेत रहने अभ्यासले व्यक्तिको जीवनमा सकारात्मक रूपान्तरण ल्याउन सक्छ । 'आफ्नो लागि साधना, अरूका लागि सेवा' भन्ने सन्देशसहित आयोजना हुन लागेको यस पदयात्राले व्यक्तिगत आत्मजागरणसँगै सामाजिक सद्भाव, मानवीय एकता, विश्वबन्धुत्व र शान्तिको सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको छ । विकासनन्द फाउन्डेसन विश्व परिवारले पोखरा-२३, बराङस्थित मनोक्रान्ति आश्रममा विभिन्न ध्यान तथा योगका कार्यक्रम सञ्चालन गर्दै आएको छ । आश्रममा चारमहिने 'मनोक्रान्ति इन्लाइटेन्मेन्ट इन्टेन्सिभ कोर्स', गाभा मेडिटेसन शिविर, विभिन्न तहका योग तथा ध्यान प्रशिक्षण, हिप्नोसिस मास्टर क्लास, सुपर लर्निङ, मनोक्रान्ति स्मार्ट योग र महाकुण्डलिनी ध्यान साधनालगायत कार्यक्रम सञ्चालन हुने जनाइएको छ । त्यसैगरी, गुरुदेव डा.योगी विकासानन्दबाट हरेक दिन बिहान ६ बजे विशेष योग तथा ध्यान साधना र बिहान ७:३० बजेदेखि ज्ञानयोगसम्बन्धी प्रत्यक्ष प्रवचनसमेत नियमित रूपमा सञ्चालन हुँदै आएको फाउन्डेसनले जनाएको छ ।

पार्टीलाई राष्ट्रिय शक्तिका रूपमा विकास गर्छौं: अध्यक्ष ओली

रासस
काठमाडौं, १ मंसिर

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गरिने बताउनुभएको छ ।

अखिल नेपाल किसान महासङ्घ, केन्द्रीय कमिटीको छैटौँ विस्तारित बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले एमालेलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा विकास गरी 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्ने दिशामा पार्टी अगाडि बढ्ने बताउनुभयो । उहाँले एमाले मजबुत, देशभक्त, लोकतान्त्रिक तथा स्पष्ट दृष्टिकोण र सुदृढ सङ्गठन रहेको पार्टी भएको बताउनुभयो । पार्टीको केन्द्रीय कमिटीको तेस्रो बैठकले आगामी 'दुई कार्यभार र १५ काम' निर्धारण गरेको जानकारी गराउँदै अध्यक्ष ओलीले आन्दोलन र स्थानीय तह निर्वाचनका ती कार्यभार पूरा गर्ने तयारीमा लाग्न निर्देशन दिनुभयो । उहाँले आगामी निर्वाचनमा हामी जित्छौं भन्ने आत्मविश्वासका साथ अगाडि बढ्न नेताकार्यकर्तालाई निर्देशन दिनुभयो ।

नेपालको किसान आन्दोलन राजनीतिक परिवर्तन सफल बनाउने जगका रूपमा रहेको र कयौं किसान नेताहरूले अमूल्य योगदानका साथै सहादत प्राप्त गरेको अध्यक्ष ओलीले स्मरण गर्नुभयो । किसान महासङ्घलाई विस्तार गर्ने बृहत् आधारहरू रहेको र त्यसका लागि सक्रियता आवश्यक रहेको बताउँदै उहाँले आफ्नो विगतको गौरवलाई सम्झेर त्यसलाई कायम गर्न विभिन्न क्षेत्रका किसानलाई महासङ्घमा आवद्ध गर्न आग्रह गर्नुभयो ।



फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

सम्पादकीय

स्थानीय निर्वाचनको तयारीमा दलहरु

स्थानीय तह निर्वाचनको मिति घोषणा नहुँदै राजनीतिक दलहरू चुनावी मैदानमा उत्रिन थालेका छन् । निर्वाचन आयोग चैत पहिलो साताभित्र चुनाव गराउने तयारीमा सरकारसँग मिति घोषणाका लागि सुझाव दिएको छ । सरकारले मिति घोषणा नपर्खी दलहरू उम्मेदवार छनोट, संगठन परिचालन र जनमत परीक्षणमा जुटेका छन् । सत्तारूढ रास्वपाले 'क्यान्डिडेट क्लब'मार्फत उम्मेदवार खोज्न थालेको छ । प्रतिपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी चुनाव केन्द्रित गतिविधि तीव्र बनाएका छन् । छठ पर्वका नाममा शीर्ष नेताहरूको मधेस दौडाहाले समेत स्थानीय निर्वाचनको राजनीतिक सरगर्मी बढाएको छ। आगामी वैशाखमा स्थानीय तहको पदाधिकारीको कार्यकाल सकिँदैछ । यसअघि २०७९ वैशाखमा स्थानीय तहको निर्वाचन भएको थियो ।

प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' को भारत भ्रमणको तयारी भइरहेका बेला निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनलाई लिएर सरकार र राजनीतिक दलसँगको छलफल तीव्र बनाएको छ । आगामी चैत पहिलो साताभित्र निर्वाचन गर्ने लक्ष्यसहित आयोगले सरकारलाई मिति घोषणाका लागि दबाब बढाएको छ । स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल समाप्त हुनुअघि नै निर्वाचन सम्पन्न गर्नुपर्ने कानुनी व्यवस्थाअनुसार आयोगले चैतभित्र चुनाव गराउने गरी तयारी अघि बढाएको छ। निर्वाचन सम्पन्न गर्न कम्तीमा ४ महिनाको समय आवश्यक पर्ने भन्दै आयोगले सरकारलाई तत्काल मिति घोषणा गर्न आग्रह गरेको छ । आयोगले निर्वाचनका लागि ४ महिनाको समय छुट्याउनुपर्ने र त्यसअनुसार चैतमा निर्वाचन सम्भव हुने जानकारी गराएको थियो । 'चुनाव गराउन आयोगलाई ४ महिनाको समयावधि छुट्याउनुपर्छ । त्यसो गर्दा चैतमा चुनाव गराउन सकिन्छानिर्वाचन आयोगले सरकारलाई सुझाव दिएको छ। आयोगले प्रधानमन्त्री शाह भारत भ्रमणमा जानुअघि नै भेटेर निर्वाचनको मिति घोषणा गर्न आग्रह गर्ने तयारी गरेको छ। प्रधानमन्त्री शाह मंसिर ६ गतेदेखि तीनदिने भारत भ्रमणमा जाने तयारीमा छन् ।

आयोगको चाहना प्रधानमन्त्रीको भारत भ्रमणअघि नै निर्वाचनको मिति टुंगो लगाउने रहेको छ । रास्वपाले आगामी स्थानीय तह निर्वाचनका लागि 'क्यान्डिडेट क्लब' सञ्चालनमा ल्याएको छ । निर्वाचनको मुखमा मात्र उम्मेदवार छान्ने परम्परागत परिपाटीलाई तोड्दै रास्वपाले क्यान्डिडेट क्लबमार्फत निर्वाचन छनौट प्रक्रिया गरिरहेको छ । उसले भदौ १ गतेदेखि गाउँपालिका र असोज २९ गतेदेखि नगरपालिकामा उम्मेदवार हुन इच्छुकका लागि आवेदन खुला गरेको थियो । आवेदन दिने समयावधि अझै कायमै छ । रास्वपामा अवसरका लागि दल वदलेर आउनेलाई उमेदवार बनाउन नहुने आवाज उठेको छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस भने सरकारले निर्वाचन गराउनेमा आशंका व्यक्त गर्न थालेको छ। अहिलेसम्म दलहरूसँग छलफल छैन । मुख्य दलहरूको सुझाव लिएको छैन । सरकारको निर्वाचन गराउने राम्रो नियत नभएको काङ्गेसको आशंका छ।कांग्रेसले स्थानीय तह निर्वाचनका लागि आन्तरिक तयारीसमेत अघि बढाउन थालेको छ ।

कांग्रेस सभापति गगन थापासहितका नेताहरूले स्थानीय तहमा पुगेर नेता-कार्यकर्तासँग छलफल र भेटघाटलाई तीव्रता दिएका छन् । एमालेले आगामी स्थानीय तह निर्वाचनलाई केन्द्रमा राखेर पार्टीको राजनीतिक तथा संगठनात्मक तयारी तीव्र बनाउने भएको छ। एमालेले मंसिर २ र ३ गते काठमाडौंमा राष्ट्रिय भेला आयोजना गरेको छ । भेलामा केन्द्रदेखि पालिका कमिटीको नेतृत्वलाई समेत बोलाइएको छ। एमालेले पार्टीको राष्ट्रिय कार्यकर्ता भेलालाई आगामी स्थानीय निर्वाचनको तयारीको महत्वपूर्ण अवसरका रूपमा लिइएको छ। श्रम संस्कृति पार्टीले स्थानीय निर्वाचनका लागि मत माग्न थालेको छानेपाली कम्युनिस्ट पार्टी , राप्रपा र मधेस केन्द्रीत दल पनि तयारीमा छन । प्रतिनिधिसभामा नराम्रो पराजय भोगेका दलहरुका लागि स्थानीय निर्वाचन अवस्था सुधार गर्ने मौका हो । सबै दलको मापन र कार्यकर्ता परिचालन हुने अवसर निर्वाचन भएको हुँदा सरकारले मिति घोषणा र कानुनी जटिलता हटाउन सर्वदलीय बैठक बोलाउनु जरुरी छ ।

तपाईको आज

मेष	: सहयोग मिल्नेछ	तुला	: शत्रुको भय
वृष	: स्वास्थ्यमा सुधार	वृश्चिक	: ब्यापारमा लाभ
मिथुन	: शुभ यात्रा	धनु	: अप्रत्यसित लाभ
ककर्ट	: आर्थिक समस्या	मकर	: शारीरिक झमेला
सिंह	: कार्यमा सफलता	कुम्भ	: सत्कार मिल्नेछ
कन्या	: झमेला बढ्ने	मीन	: मानसिक तनाब

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

तनहुँमा चार सय टिमुरका बिरुवा रोपियो

पोखरापत्र संवाददाता

तनहुँ, १ मंसिर

तनहुँको शुक्लागण्डकी नगरपालिका-४ स्थित तालडाँडा दादरको पाखा तथा कसेरी सामुदायिक वनको एक दशमलव ७५ हेक्टर अतिक्रमित क्षेत्र खाली गराई ४०० टिमुरका बिरुवा रोपिएको छ।

डिभिजन वन कार्यालय तनहुँले अतिक्रमित क्षेत्र पहिचान गरी रेखाङ्कन तथा पोल गाडेर छुट्याएपछि उक्त क्षेत्रमा टिमुरको बिरुवा रोपेको हो । कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार अतिक्रमण हटाएर खाली गराइएको जमिनलाई उत्पादनशील बनाउने उद्देश्यले टिमुर रोपिएको हो । वन क्षेत्रको अतिक्रमण नियन्त्रण र संरक्षणसँगै टिमुरखेतीबाट भविष्यमा स्थानीयस्तरमा आम्दानीको सम्भावना सिर्जना हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो । डिभिजन वन कार्यालयको तथ्याङ्कसार तनहुँमा ६२४ सामुदायिक वनको क्षेत्रफल ६४ हजार ८४२ दशमलव ४८ हेक्टर रहेको छ । जिल्लामा दुई हजार ५६ दशमलव ५६ हेक्टर क्षेत्रफलमा ४८५ कबुलियती वन रहेका छन् । त्यस्तै, ३० दशमलव ६२ हेक्टर क्षेत्रफलमा ११ धार्मिक वन र ४२ दशमलव ३२ हेक्टरमा ८४ निजी वन रहेका छन् । जिल्लामा राष्ट्रिय वनको क्षेत्रफल १८ हजार १४० दशमलव ३४ हेक्टर रहेको कार्यालयले जनाएको छ। वन क्षेत्रको संरक्षणमा सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह र सरोकारवाला निकायको भूमिका महत्वपूर्ण हुने प्रमुख रानाभाटले बताउनुभयो ।

झण्डा पार्क बनाउन देउसीभैलोबाट पाँच लाख संकलन

पोखरापत्र संवाददाता

दमौली, १ मंसिर

स्थानीय बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा निर्माण गरिने राष्ट्रिय झण्डासहितको पार्क निर्माण गर्न देउसीभैलो अभियानबाट रु पाँच लाख भन्दा बढी रकम सङ्कलन भएको छ ।

झण्डा पार्क निर्माण समितिले बन्दीपुर, डुम्रे र दमौली बजारमा सञ्चालन गरेको देउसीभैलोबाट रु पाँच लाख १३ हजार सङ्कलन भएको पार्क निर्माण समितिका योजनाकार टीकाराम गिरीले जाकारी दिनुभयो। उहाँकाअनुसार बन्दीपुरमा रु ८९ हजार, डुम्रे बजारमा दुई लाख ६१ हजार र दमौलीमा रु एक लाख ६३ हजार सङ्कलन भएको छ । जिल्लाका अन्य ठाउँमा समेत पुगेर झण्डा प्रदर्शन र यसको प्रचारप्रसार गरिने उहाँले बताउनुभयो । बन्दीपुर-१ तल्लोटारमा निर्माण भइरहेको पार्कमा ठूलो आकारको राष्ट्रिय झण्डा राख्ने योजना छ । पार्कमा ६७ फिट अग्लो झण्डाको स्तम्भ निर्माण गरी ४५ फिट लम्बाइ र ३० फिट चौडाइको राष्ट्रिय झण्डा राखिनेछ । राष्ट्रिय गौरव र पहिचानसँग जोडिएको यस योजनालाई स्थानीयवासीले सामूहिक अभियानका रूपमा अघि बढाएका छन् । पार्क निर्माणका क्रममा हालसम्म रु १५ लाखभन्दा बढीको काम श्रमदानबाट सम्पन्न भइसकेको समितिका संयोजक शेरबहादुर रानाले जानकारी दिनुभयो । आर्थिक स्रोतको अभावका बाबजुद स्थानीयको उत्साह र सहयोगले पार्क निर्माणलाई अघि बढाइएको उहाँले स्पष्ट पार्नुभयो । पार्क निर्माणका लागि रु तीन करोड आवश्यक पर्ने अनुमान गरिएको छ । पृथ्वीराजमार्ग नजिकै पार्क निर्माण भइरहेको हुँदा यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थप योगदान पुग्ने अपेक्षा गरिएको छ । पोखरा र काठमाडौँ आवतजावत गर्ने यात्रु तथा पर्यटकले सहजै अवलोकन गर्न सक्ने स्थानमा पार्क बन्ने भएकाले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुर्याउने विश्वास गरिएको छ ।

पासो थापेर वन्यजन्तुको चोरीसिकार

पोखरापत्र संवाददाता

पोखरा, १ मंसिर

अन्नपूर्ण संरक्षण क्षेत्रमा पासो थापेर वन्यजन्तु र पक्षीको अवैध चोरीसिकार हुने गरेको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले बर्सेनि ठूलो सङ्ख्यामा त्यस्ता पासो नियन्त्रणमा लिई हटाउने गरे पनि वन्यजन्तुको चोरीसिकार रोकिएको छैन ।

आयोजना कार्यालयको आँकडा अनुसार गत आव २०८२/८३ मा मात्र संरक्षण क्षेत्रभित्रबाट ३४३ पासो हटाइएको थियो । आव २०८१/८२ मा १७३ र आव २०८०/८१ मा ९८ पासो हटाइएको थियो ।

सबैभन्दा बढी दसैँतिहारका बेला र चैत-वैशाखको याममा पासो थाप्ने प्रवृत्ति बढी देखिने गरेको आयोजनाका प्रमुख डा रविन कडरियाले बताउनुभयो । "चोरीसिकारका नियन्त्रणका लागि वनगस्ती गर्दा पासो धेरै भेटिने गरेको छ", उहाँले भन्नुभयो, "कस्तुरीमृग, हिमाली कालो भालु, डाँफे, मुनाल आदि सिकारका लागि पासो थाप्ने गरेको पाइएको छ ।" कतिपय वन्यजन्तुलाई पासोमा परेर मरेको अवस्थामा उद्धार गर्ने गरिएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो।वन्यजन्तुको चोरीसिकार नियन्त्रणका लागि समुदायस्तरमा सचेतना अभिवृद्धि र संरक्षण गतिविधि सञ्चालन गर्दै आए पनि चोरीसिकार नियन्त्रणमा चुनौती कायमै रहेको उहाँको भनाइ छ । कस्तुरीमृगको वीणा, भालुको पित्त र चितुवाको छालाका लागि सिकार गर्न मानिसहरू लालायित हुने गरेको उहाँको भनाइ छ । वन्यजन्तुको सिकार भएका घटना भेटिने गरे पनि पछिल्लो समय यहाँबाट अन्यत्र वन्यजन्तुको तस्करी भने गरेको नपाइएको उहाँले बताउनुभयो । कतिपय ठाउँमा बालीनाली जोगाउन र वन्यजन्तुको मासु उपभोगका लागि पनि सिकार गर्ने चलन रहेको छ । चोरीसिकारले दुर्लभ वन्यजन्तुको अस्तित्वसमेत सङ्कटमा पर्ने जोखिम रहेको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । "वन्यजन्तुको चोरीसिकार नियन्त्रणका लागि वनगस्ती बढाउने, सिसी क्यामेरा जडान, ड्रोनबाट निगरानी गर्ने जस्ता क्रियाकलापलाई बढाइएको छ", उहाँले भन्नुभयो, "स्थानीयवासी र समुदाय स्वयं पनि संरक्षण अभियानमा संवेदनशील र जिम्मेवार भएर लाग्नुपर्छ ।" उहाँका अनुसार गत वर्ष कस्तुरीमृग, घोरल, निरबिरालोसहित चार वन्यजन्तुको अवैध सिकार गरिएको थियो । त्यस्तै आव २०८१/८२ मा नौ र २०८०/८१ मा १२ वन्यजन्तुको चोरीसिकार गरिएको थियो । चोरीसिकारबाहेक छाडा कुकुरको आक्रामण, सवार ीसाधनको ठक्करलगायत कारणले पनि यस क्षेत्रमा वन्यजन्तु मर्ने गरेका छन् । छाडा कुकुरले कस्तुरीमृग, नाउरलगायतका वन्यजन्तुलाई आक्रमण गरी सिकार गर्ने गरेको छ । छाडा कुकुर नियन्त्रण तथा व्यवस्थापनको प्रयास भएपनि वन्यजन्तुमाथि छाडा कुकुरको आक्रमण नरोकिएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । उहाँका अनुसार छाडा कुकुरको आक्रमणबाट पछिल्ला तीन आवमा १२ वटा वन्यजन्तु मरेका थिए । छाडा कुकुर नियन्त्रणका लागि आयोजना कार्यालयले बर्सेनि कुकुरको बन्ध्याकरण गर्दै आएको छ । कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडामा समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र जैविक विविधताका दृष्टिले महत्वपूर्ण मानिन्छ । यस क्षेत्र हिउँचितुवा, कस्तुरीमृग, नाउर, हिमाली थारजस्ता जनावर र हिमाली वनस्पतिका लागि प्रख्यात छ । यहाँ विभिन्न प्रकारका स्तनधारी वन्यजन्तु, दुर्लभ पक्षी तथा सरिसृपहरू पाइन्छन् ।

दुई नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको सूचना



जिल्ला स्याङ्जा साविक कोल्मा वराहचौर गा.वि.स. वडा नं ४ हाल पुतलीबजार नगरपालिका वडा नं ९ विवासी भारतीय भू.पू. सैनिक नं ९४१३२८२K Hony NB/SUB का मन बहादुर रानाको श्रीमती ज्ञान कुमारी रानाको पतिको सैनिक अभिलेखमा र नेपाली नागरिकताको प्रमाण पत्रमा तपसिल बमोजिमको नाम थर र जन्ममिति फरक परेकोले फरक फरक नाम थर र जन्म मिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वड़ा कार्यालयको च.नं २४४ र २४५ मिति २०८३/०७/१९ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

क्र. सं.	ना.प्र.मा नामथर	सैनिक अभिलेखमा नामथर	नाता	ना.प्र.मा जन्ममिति	सैनिक अभिलेखमा जन्ममिति
१	ज्ञानकुमारी राना	ज्ञानकुमारी लिम्बु	श्रीमती	वि सं २०१८/१०/१०	वि सं २०१३/०९/०७

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

नागरिकता सहित कागजपत्र हराएको सूचना

कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.९ सिर्जनाचोकदेखि पोखरा-८ बगालेटोल जानेक्रमा निम्न अनुसारको नागरिकता सहित कागजपत्र हराएको हुँदा फेला पर्नुहुने महानुभावले निम्न ठेगाना तथा नजिकको प्रहरी कार्यलयमा सम्पर्क गरिदिनुहोला ।

लाल कुमारी श्रेष्ठ नामको नागरिकता

श्याम श्रेष्ठ नामको नागरिकता

सलिना श्रेष्ठको नागरिकता, एसइइको प्रमाण पत्र, जन्मदर्ता प्रमाण पत्र लगायत कागजपत्र हराएको ।

सम्पर्क ठेगानाः बगालेटोल पोखरा-८

सम्पर्क नं.: ९८०६७११०७६

सार्वजनिक सूचना

बागलुङ जिल्ला हटिया-७ बस्ने रीता खत्री क्षेत्री नागरिकता नं. ५०/०१/७१/०२०३९ को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १४ काजीपोखरी को कित्ता नं. १०२ को क्षेत्रफल १८३.१९ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा दक्षिण तर्फ कि.नं. १७३, र पूर्व तर्फ कि. नं. ८३ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महा(नगरपालिका वडा नं. १४ को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सार्वजनिक सूचना

तनहुँ जिल्ला माझकोट-४ बस्ने झगु माया राना को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. ५०७६, ५०८० को क्षेत्रफल २००, ७१.३८ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. ५०७५, ५०७९ को सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सार्वजनिक सूचना

लमजुङ जिल्ला गिलुङ-९ बस्ने कुस्मी राना को नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ९५३४ को क्षेत्रफल १८६.८० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. ९४१८, उत्तर तर्फ कि. नं. ९५३२ र दक्षिण तर्फ कि. नं. ११६६ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

डिभिजन वन कार्यालय, कास्कीको वार्षिक विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०८/०२ गते)

यस कार्यालयको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक विकास कार्यक्रम मध्ये तपसिलको कार्यक्रम संचालन गर्न ईच्छुक सामुदायिक वन उपभोक्ता समूहहरुबाट आवश्यक कागजात सहित अवधारणा पत्र र प्रस्ताव पेश गर्न पहिलो पटक मिति २०८३/०७/१३ मा सूचना प्रकाशित गरिएकोमा म्याद भित्र २ वटा समूहबाट मात्र प्रस्तावना पेस भएकोले पुनः दोस्रो पटक प्रस्तावना पेस गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको Website: dfokaski.gov.np मा समेत राखिएको छ । विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपसिल

सि.नं.	कार्यक्रमको नाम	विनियोजित रकम रु.	कैफियत
१	वनमा रहेका ज्वलनशील पदार्थ तथा मिचाहा प्रजातीको व्यवस्थापन तथा संकलन गरि प्राङ्गरिक मल उत्पादन	२ वटा समूहलाई प्रति समूह ४,००,०००।- को दरले जम्मा रु. ८,००,०००।-	सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र पेस गर्नुपर्ने

डिभिजनल वन अधिकृत

हिमाल र जैविक विविधताको अनुपम गन्तव्य मर्दी पदमार्ग

कृष्ण दवाडी/सन्तोष गौतम
कास्की, १ मंसिर/रासस

जापानबाट यस वर्ष दसैं-तिहार मनाउन जन्मथलो फर्किनुभएकी काभ्रेकी ज्योति खड्काले चाडपर्वलगत्तै चार दिन कास्कीको माछापुच्छे गाउँपालिकामा पर्ने मर्दी हिमाल पदमार्गमा बिताउनुभयो । हिमाल, हरियाली, बादल र शान्त वातावरणको सामीप्यमा बिताएका ती चार दिन उहाँका लागि अविस्मरणीय बने । "मर्दी हिमालको प्राकृतिक सुन्दरता निकै आकर्षक, मनमोहक र शान्त लाग्यो," उहाँले भन्नुभयो, "पदयात्राका क्रममा देखिने हिमाल र वरपरको वातावरणले थकान बिर्साएर मनमा नयाँ उमङ्ग पैदा गरिदियो ।" दसैं-तिहारको लामो बिदामा कलेजका साथीहरूसँग मर्दी पदयात्रामा पुग्नुभएकी म्याग्दीको मङ्गला गाउँपालिका-१ कुहुँकी सुशिप्ता जिसीलाई पनि यात्राले लोभ्यायो । बिहानको सूर्योदय, हिमाल र पहाडका फेदीमा देखिने बादलको मनोरम दृश्यले यात्रालाई अविस्मरणीय बनाएको उहाँको अनुभव छ । धादिङका नारायण कँडेल छोटो समयमै हिमालको नजिक पुगेर प्राकृतिक सौन्दर्यको आनन्द लिन पाउनु मर्दी पदयात्राको मुख्य विशेषता भएको बताउनुहुन्छ । इटालीबाट आउनुभएका पर्यटक इन्ट्राले पनि यहाँको प्राकृतिक वातावरण, हिमाली दृश्य र शान्त परिवेशले विशेष अनुभव दिएको प्रतिक्रिया दिनुभयो ।

खड्का, जिसी, कँडेल र इन्ट्राजस्तै छोटो समयको पदयात्रामै हिमालको सामीप्यमा पुग्न चाहने आन्तरिक तथा विदेशी पर्यटकको रोजाइमा मर्दी हिमाल पदमार्ग पर्दै गएको छ । घना जङ्गल, हरियाली, ग्रामीण बस्ती र हिमाली भूगोलको सङ्गम रहेको यस पदमार्गले यात्रुहरूलाई प्रकृतिका विविध रूपसँग साक्षात्कार गराउँछ ।

काठमाडौंकी निकिता कार्कीका अनुसार पदयात्राका क्रममा देखिने हिउँले ढाकिएका हिमाल, डाँडाकाँडा र स्वच्छ वातावरणले यात्रालाई बेग्लै अनुभूति दिन्छ । एउटै क्षेत्रबाट मर्दी, माछापुच्छे, अन्नपूर्ण दक्षिण, हिमचुली, अन्नपूर्ण प्रथम, गङ्गापूर्ण र गन्धर्वचुलीलगायत १३ वटा हिमालको दृश्यावलोकन गर्न सकिन्छ ।

बादलसँग लुकामारी खेल्दै हिमालको सौन्दर्य

मर्दी हिमाल पदमार्गको अर्को आकर्षण यहाँको बदलिरहने मौसम र बादलको लुकामारी हो । केही क्षणअघि बादलले छोपिएका हिमाल एकाएक खुलेर देखिँदा यात्रुहरू मन्त्रमुग्ध हुन्छन् । सूर्योदय र सूर्यास्तका बेला हिमालमा देखिने सुनौलो रङले पदयात्राको सौन्दर्य थप बढाउँछ । बादलडाँडादेखि भ्यु पोइन्टसम्म डाँडैडाँडा यात्रा गर्दा पोखरा उपत्यका, अन्नपूर्ण आधार शिविर र आसपासका हिमाली क्षेत्रको दृश्यावलोकन गर्न सकिन्छ । भेडाबाख्रा, चौंरी र भैंसीका घुम्ती गोठले परम्परागत ग्रामीण जीवनशैलीको झल्को दिन्छन् ।

वसन्त ऋतुमा पाखाभरि ढकमक्क फुल्ने लालीगुराँस, हरियाली वन र चराचुरुङ्गीको चिरबिर आवाजले यस क्षेत्रलाई थप आकर्षक बनाउँछ । हिमाली प्रकृतिसँगै वनस्पति, वन्यजन्तु र चराचुरुङ्गीको अवलोकन गर्न चाहनेका लागि पनि यो उपयुक्त गन्तव्य हो । मर्दी हिमाल पदमार्गका संस्थापक सचिव शिवकुमार भण्डारीका अनुसार सन् २०२१ मा गरिएको अध्ययनले यस क्षेत्रमा एक सय १२ प्रजातिका चराको बासस्थान रहेको देखाएको छ । नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनमा सेतो गिद्ध, हिमाली



गिद्ध, काँडे भ्याकुर र नदीचरीजस्ता महत्वपूर्ण प्रजातिका चरा पाइने पुष्टि भएको उहाँले बताउनुभयो । "यो पदमार्ग हिमाल, बादल र प्राकृतिक दृश्यावलोकनका लागि मात्र नभई चराचुरुङ्गी तथा जैविक विविधताको दृष्टिले पनि महत्वपूर्ण छ," भण्डारीले भन्नुभयो, "अध्ययनले यहाँको चराचुरुङ्गीको विविधता पुष्टि गरेपछि हिमाली पर्यटनसँगै चराअवलोकन र प्रकृतिमा आधारित पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने प्रयास गरिरहेका छौं ।"

छोटो यात्रामै हिमालको नजिक

तीनदेखि चार दिनमा पदयात्रा पूरा गर्न सकिने र अन्य कतिपय पदमार्गको तुलनामा सहज मानिने भएकाले मर्दी हिमाल पदमार्गमा पर्यटकको आकर्षण बढेको हो । पदमार्ग व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङका अनुसार अनुकूल मौसम र दसैं-तिहार-छठको बिदाका कारण कात्तिक महिनामा दैनिक छ सयदेखि सात सय जनासम्म पर्यटक आउने गरेका छन् । तीमध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक रहेको उहाँको भनाइ छ । "पर्यटकको आगमन बढ्नु सुखद पक्ष हो । तर, सीमित क्षमताका होटलमा पाहुनाको चाप बढ्दा बसोबास व्यवस्थापन मुख्य चुनौती बनेको छ," तामाङले भन्नुभयो ।

पर्यटकको सङ्ख्या होटलको क्षमताभन्दा बढी हुँदा कतिपयलाई टेन्ट तथा होटलका भोजनकक्षमा समेत राख्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । पदमार्गको हाइक्याम्पसम्म मात्रै होटल तथा रेस्टुरेन्ट सञ्चालनमा छन् । भ्यु पोइन्ट र आधार शिविर क्षेत्रमा भने होटल तथा रेस्टुरेन्ट छैनन् ।

हाइक्याम्पमा रहेका १४ वटा होटलमा २५ भन्दा बढी शैया राख्न नपाइने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले होटल तथा कोठाको संख्या निश्चित गरेकाले मुख्य पर्यटकीय याममा पर्यटकको चापअनुसार आवास व्यवस्थापन गर्न कठिन हुने गरेको व्यवसायी कविता अर्याल गौतम बताउनुहुन्छ । "अधिल्लो वर्षभन्दा यसपटक मर्दीमा पर्यटकको सङ्ख्या धेरै बढेको छ । फरेस्ट क्याम्पमाथिका सबै होटल भरिभराउ हुँदा थप पाहुना राख्न सक्ने अवस्था छैन," उहाँले भन्नुभयो, "पर्यटकले असुविधा भोग्नुपर्दा मर्दीका बारेमा नकारात्मक सन्देश जाने हो कि भन्ने चिन्ता लाग्छ ।"

कसरी पुग्ने ?

पोखराबाट सवारीसाधनमा कालीमाटी, सिदिङ, धम्पुस र काँडे पुगेर पर्यटकले पदयात्रा सुरु गर्छन् । फरेस्ट क्याम्प पुगेपछि मुख्य पदमार्गमा जोडिन्छन् । फरेस्ट क्याम्प, लो क्याम्प, बादलडाडा, हाइक्याप क्याम्प हुँदै भ्यु पोइन्ट पुगिन्छ । त्यसपछि एक घण्टा थप यात्रा गरेर पुगिने चार हजार पाँच सय मिटर उचाइमा रहेको मर्दी हिमाल आधार शिविर(बेसक्याम्प) यस पदमार्गको प्रमुख तथा अन्तिम गन्तव्य हो । हाइक्याम्पभन्दा माथि होटल तथा रेस्टुरेन्ट नहुँदा पर्यटकले आवश्यक तयारी गरेर मात्रै माथिल्लो क्षेत्रको यात्रा गर्नुपर्छ । माथिल्लो बादलडाँडा र हाइक्याम्पमा रात बिताउने पर्यटक बिहानै उठेर भ्यु पोइन्टमा सूर्योदय हेर्न पुग्छन् । त्यसपछि आधार शिविर पुगेर दिउँसो फर्कने गर्छन् । भ्यु पोइन्टदेखि आधार शिविरसम्मको क्षेत्रमा मौसम छिनछिनमा परिवर्तन हुने, कुहिरो लाग्ने र बाटो बिराएर हराउने जोखिम हुने भएकाले सहयोगीबिना यात्रा नगर्न बादलडाँडाका होटल व्यवसायी नेत्र तामाङको सुझाव छ । पदयात्रा सकेर फर्कने क्रममा अधिकांश पर्यटक लो क्याम्पबाट सिदिङ झरेर सवारीसाधनमा पोखरा पुग्ने बाटो रोज्छन् । सिदिङ र कालीमाटीबाट जीपमा करिब एक घण्टामा पोखरा पुग्न सकिन्छ । यातायात खर्चबाहेक प्रतिव्यक्ति दैनिक रु तीन हजारदेखि रु पाँच हजार सम्म बजेट आवश्यक पर्ने व्यवसायी बताउँछन् । होटलमा खाद्यान्नलगायत सामग्री खच्चड र भरियामार्फत ढुवानी गर्नुपर्ने भएकाले अन्य कतिपय पर्यटकीय गन्तव्यको तुलनामा यहाँको बसाइ महँगो पर्ने पर्यटकको गुनासो छ ।

गोठ र खर्कबाट पर्यटकीय स्थलमा रुपान्तरण

मर्दी हिमाल पदमार्ग सन् २०१२ देखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । त्यसअघि यस क्षेत्र स्थानीयवासीका गाईभैंसी, भेडाबाख्रा र चौंरीका घुम्ती गोठ तथा चरन क्षेत्रमा सीमित थियो । पशुका घुम्ती गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ । माछापुच्छे गाउँपालिका-९ का स्व सुदीप गौतमको नेतृत्वमा स्थानीय समुदायले घरगोठ गर्न प्रयोग गर्दै आएको परम्परागत बाटोलाई पदमार्गका रूपमा विकास गरेका हुन् । माछापुच्छे गाउँपालिका-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्री (राजेन्द्र) का अनुसार तत्कालीन समयमा मर्दी क्षेत्रमा फाट्टफुट्ट भकारी र चित्राले बारिएका भेडीगोठबाहेक पर्यटकलाई आवश्यक पर्ने पूर्वाधार थिएनन् । पदयात्रा पर्यटनको सम्भावना पहिचान गरी गौतमले गरेको निरन्तर प्रयासकै कारण आज मर्दी हिमाल पदमार्ग विश्वभरका पर्यटकमाझ परिचित भएको हो । मर्दी पदमार्गका पिताका रूपमा चिनिने गौतमको २०७९ असोज १४ गते हाइक्याम्प क्षेत्रमा भिरबाट लडेर ३५ वर्षको उमेरमा निधन भएको थियो । पदमार्गको अन्वेषण, प्रवर्द्धन र विकासमा योगदान पुर्याउनुभएका गौतमको सम्मानमा बादलडाँडामा सालिक स्थापना गरिएको छ । माछापुच्छे गाउँपालिका, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेश, मर्दी हिमाल पर्यटन होटल व्यवसाय व्यवस्थापन समिति र नेपाल पर्यटन बोर्डको सहकार्यमा सालिकसहितको पार्क निर्माण गरिएको हो । गौतमले सन् २००७ मा मार्दी हाइक्याम्पमा 'होटेल ट्रेकर्स प्याराडाइज' सञ्चालन गर्नुअघि फरेस्ट क्याम्प, लो क्याम्प, बादलडाँडा र डुँडखर्कलगायत स्थानमा होटल थिएनन् । पर्यटकले क्याम्पिङ गरेर रात बिताउनुपर्ने अवस्था थियो । उहाँको प्रयासपछि क्रमशः होटल तथा अन्य पर्यटन पूर्वाधार विकास हुँदै जाँदा पर्यटकलाई बसोबासको सुविधा उपलब्ध हुन थालेको हो । गौतमको योगदानलाई स्मरण गर्दै उहाँका परिवारले मार्दी हिमाल आधार शिविरमा शिव मन्दिर निर्माण गर्ने योजना पनि अघि सारेका छन् ।

पर्यटनसँगै आम्दानी र रोजगारीको अवसर

पदयात्रा पर्यटनको विकाससँगै यस क्षेत्रका स्थानीयवासीको आर्थिक तथा सामाजिक जीवनमा पनि परिवर्तन आएको छ । होटल, रेस्टुरेन्ट, चिया पसल र अन्य पर्यटनसम्बन्धी व्यवसाय विस्तार भएपछि रोजगारी तथा आम्दानीका अवसर बढेका छन् । फरेस्ट क्याम्प होटल व्यवस्थापन समितिका अध्यक्ष अमृत दाहालका अनुसार स्थानीय व्यवसायीले आफ्नै गाउँमा उत्पादन भएका ताजा तरकारी, दूध, घ्यू तथा स्थानीय कुखुराबाट पर्यटकलाई परिकार बनाएर खुवाउने गरेका छन् । "होटल तथा पर्यटन व्यवसायको विस्तारले स्थानीयवासीलाई गाउँमै रोजगारी र आम्दानीको अवसर दिएको छ," उहाँले भन्नुभयो, "पर्यटकको आगमन बढेसँगै स्थानीय उत्पादनको खपत पनि बढेको छ ।"

पदयात्रा मार्गको तल्लो क्षेत्र गुराँसको जङ्गलभित्र पर्दछ । ढुङ्गाका सिँढी बनाएर पदमार्ग व्यवस्थित गरिएको छ । यात्राका क्रममा जथाभावी फोहोर देखिँदैन् । फोहोर सङ्कलन तथा व्यवस्थापनका लागि छुट्टै स्थानको व्यवस्था गरिएको छ। सडक विस्तारको सम्भावना न्यून रहेको यस क्षेत्रमा प्राकृतिक वातावरण र पदमार्गको मौलिकता जोगाउने अवसर पनि छ ।

संरक्षण र व्यवस्थापनमा चुनौती

मर्दी हिमाल पदमार्ग अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) भित्र पर्दछ । एक्यापले होटल तथा कोठाको संख्या निश्चित गरेकाले पर्यटकीय याममा पर्यटकको चापअनुसार आवास व्यवस्थापन गर्न कठिनाइ हुने गरेको छ । पर्यटकको आकर्षण बढ्दै जाँदा त्यसअनुसार सेवा तथा पूर्वाधार विकास गर्नुका साथै प्राकृतिक सम्पदाको संरक्षणलाई पनि प्राथमिकता दिनुपर्ने देखिन्छ ।

गाउँपालिका, एक्याप, प्रदेश तथा सङ्घीय सरकारमार्फत पूर्वाधार निर्माण र पर्यटकको बसाइ व्यवस्थापनमा देखिएका चुनौती समाधान गर्न पहल भइरहेको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो । संरक्षण क्षेत्रसम्बन्धी पुराना नीतिमा आवश्यक संशोधनका लागि समेत पहल गरिएको उहाँको भनाइ छ । पर्यटकको बढ्दो आगमनलाई व्यवस्थित गर्न होटलको क्षमता, विद्युत् तथा सञ्चार सुविधाको नियमित उपलब्धता, पदमार्गको स्तरोन्नति, फोहोर व्यवस्थापन, सरसफाइ, पर्यटक सूचना प्रणाली र सुरक्षाको प्रभावकारी व्यवस्था आवश्यक देखिन्छ ।

विशेषगरी हाइक्याम्पभन्दा माथिल्लो क्षेत्रमा मौसमको जोखिम, बाटो पहिचान र उद्धार व्यवस्थालाई प्राथमिकता दिनुपर्ने पर्यटन व्यवसायीको सुझाव छ । प्राकृतिक सौन्दर्य, जैविक विविधता र छोटो अवधिमै हिमालको सामीप्यमा पुग्न सकिने विशेषताले मार्दी हिमाल पदमार्गलाई नेपालको महत्वपूर्ण पदयात्रा गन्तव्यका रूपमा स्थापित गरेको छ । पर्यटकको सङ्ख्या बढ्नुले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारे पनि त्यसको व्यवस्थापन र संरक्षणमा ध्यान नदिए प्राकृतिक सौन्दर्य तथा पर्यटकीय आकर्षणमा असर पर्न सक्छ । मर्दीको पर्यटन विकासलाई केवल पर्यटकको संख्या बढाउने विषयमा सीमित नगरी प्रकृति संरक्षण, स्थानीय समुदायको सहभागिता, सुरक्षित पदयात्रा र गुणस्तरीय सेवासँग जोड्न आवश्यक छ । माछापुच्छेको काखमा रहेको मर्दीको प्राकृतिक स्पर्शलाई आगामी पुस्तासम्म जोगाउँदै दिगो पर्यटनको नमूना गन्तव्य बनाउनु आवश्यक रहेको छ ।

विपद्को चपेटामा म्याग्दीका जलविद्युत् आयोजना

पोखरापत्र संवाददाता
म्याग्दी, १ मंसिर

मनसुनजन्य विपद्ले म्याग्दीका जलविद्युत् आयोजनाको विद्युत् उत्पादन, प्रसारण र निर्माण कार्य प्रभावित बनाएको छ ।

कालीगण्डकी र म्याग्दी नदी तथा तिनका सहायक खोलामा आएको बाढीपहिरोले सञ्चालनमा रहेका र निर्माणाधीन आयोजनाका बाँध, विद्युत् गृह, सुरुङ, प्रसारण लाइन र पहुँचमार्गमा क्षति पुऱ्याएको हो ।

विपद्का कारण केही आयोजना पूर्ण रूपमा बन्द भएका छन् भने केहीको परीक्षण उत्पादन र निर्माण कार्य प्रभावित भएको छ । निर्माणाधीन आयोजनामा निर्माण सामग्री तथा उपकरण ढुवानी अवरुद्ध हुँदा कामको गति सुस्त भएको छ । यसले आयोजना सम्पन्न हुने अवधि लम्बिनुका साथै निर्माण लागत बढ्ने जोखिम बढाएको छ । कालीगण्डकी नदीको कटानले २२० केभी क्षमताको कालीगण्डकी करिडोरअन्तर्गत दाना-खुर्कोट प्रसारण लाइनका अन्नपूर्ण गाउँपालिका-१ दोबामा दुई वटा र रातोपानीमा एउटा टावर बगाएको छ । धिरच्याङको टावरमा आंशिक क्षति पुगेको छ भने तिप्ल्याङ क्षेत्रको अर्को टावर जोखिममा परेको छ । प्रसारण लाइन अवरुद्ध भएपछि उत्तरी म्याग्दीका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोड्न समस्या भएको थियो । नेपाल विद्युत् प्राधिकरणको पोखरास्थित ग्रिड कार्यालयका प्रमुख रोशन खड्का अनुसार भिरकाटेमा अस्थायी टावर निर्माण गरी करिब दुई किलोमिटर तार तानेर गत असोज ३१ गतेदेखि विद्युत् आपूर्ति पुनःसञ्चालन गरिएको थियो । क्षतिग्रस्त टावर र प्रसारण लाइनको स्थायी पुनर्निर्माण प्रक्रिया अघि बढाइएको छ । अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका घलेम्दीखोला, म्रिस्त्रीखोला,निलगिरी-१,नीलगिरी-२ र रेलेखोलाका साथै मुस्ताङको थापाखोला जलविद्युत् आयोजनाको विद्युत् यही प्रसारण लाइनमार्फत राष्ट्रिय प्रणालीमा जोडिँदै आएको छ । बाढीपहिरोले अन्नपूर्ण गाउँपालिकाका दुई जलविद्युत्



आयोजना बन्द भएका छन् । रेलेखर्क क्षेत्रबाट आएको बाढीले बाँधमा गेग्रान थुपारेपछि छ मेगावाट क्षमताको रेलेखोला आयोजना बन्द भएको आयोजनाका प्रतिनिधि होमनाथ पाण्डेले बताउनुभयो । त्यस्तै, १४ मेगावाट क्षमताको घारखोला आयोजनाको विद्युत्गृह गत साउन २६ गतेको सुक्खा पहिरोले पुरिएको थियो । त्यसपछि गत असोजको बाढीपहिरोले बाँधमा थप क्षति पुऱ्याएको छ । विद्युतगृह पुरिँदा एक जनाको मृत्यु र एक जना घाइते भएका थिए । आयोजनाको पुनर्निर्माण तयारी भइरहेको र प्रारम्भिक अनुमानअनुसार रु एक अर्बभन्दा बढी क्षति भएको म्याग्दी हाइड्रोपावरका प्रशासन प्रमुख अनिल तिवारीले बताउनुभयो । कालीगण्डकीबेसीनमानिर्माणाधीन १८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज र ६६ दशमलव तीन मेगावाटको मध्यकालीगण्डकी आयोजनाको निर्माण डेढ महिनादेखि प्रभावित भएको छ । कालीगण्डकी गर्जको मुस्ताङको घाँसास्थित थाप्लामा रहेको बाँध निर्माणस्थलमा बाढीले गेग्रान थुपारेपछि काम रोकिएको आयोजनाका वरिष्ठ प्रबन्धक कृष्णदास श्रेष्ठले बताउनुभयो । मध्यकालीगण्डकी आयोजनाको सुकेबगरस्थित बाँध, सुरुङ, आवास, मेसिनरी, उपकरण, निर्माण सामग्री, डिजेल ट्याङ्करमा बाढीले क्षति पुऱ्याएको प्रवर्द्धक हाइड्रो सपोर्ट प्रालिको लगानीकर्ता आइएमई समूहका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताउनुभयो । बाढीले निर्माणस्थलको डाइभर्सन भत्काउनुका साथै नागढुङ्गा र रातोपानीका आवास भवन तथा नौलीबगरस्थित पहुँचमार्ग क्षति गरेको छ । रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित विद्युत्गृह क्षेत्रमा कालीगण्डकी नदीको कटानले क्षति पुऱ्याउँदा ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण अवधि लम्बिएको छ । टेलरेस गेट र स्वीचयार्ड नजिकको क्षेत्रमा क्षति पुग्नुका साथै विद्युत्गृहमा पानी पसेर डुबान भएको थियो । हाल २०/२० मेगावाट क्षमताका दुई युनिट आलोपालो सञ्चालन गरी परीक्षण उत्पादन भइरहेको आयोजनाका प्रबन्ध सञ्चालक गणेश केसीले बताउनुभयो ।

म्याग्दीखोला बेसीनमा निर्माणाधीन आयोजनामा पनि पहुँचमार्ग र ढुवानीको समस्या देखिएको छ । घुमाउने, बालौटे, बाङ्गेपहिरो, इल्पु र शिवरात्रि खोलाको बाढीपहिरोले निर्माण सामग्री तथा उपकरण ढुवानी प्रभावित भएको अपर म्याग्दीखोला-१ का आयोजना प्रमुख ज्योतिकुमार केसीले बताउनुभयो । कूल ६० प्रतिशत भौतिक प्रगति भएको माथिल्लो म्याग्दी आयोजनाको निर्माणमा असर परेको छ । दरखोलालगायतका आयोजनाको सडकका विभिन्न स्थानमा पहिरो खस्दा निर्माण सामग्री ढुवानी गर्न समस्या भएको छ । यद्यपि, राहुघाट करिडोरका अपर राहुघाट, मङ्गले-चिमखोला-राहुघाट, अपर ठूलोखोला र ठूलोखोला जलविद्युत् आयोजनाको उत्पादन नियमित रहेको छ । बाढीपहिरोले जलविद्युत् आयोजनाका मुख्य संरचनासँगै प्रसारण लाइन, पहुँचमार्ग, निर्माण सामग्री भण्डारणस्थल र आवास संरचनासमेत जोखिममा रहेको देखाएको छ । जलविद्युत् क्षेत्रमा बढ्दो लगानीको सुरक्षा गर्न नदी कटान नियन्त्रण, सुरक्षित तटबन्ध, वैकल्पिक पहुँचमार्ग, प्रसारण टावरको संरक्षण र विपद् पूर्वतयारीलाई आयोजना निर्माण तथा सञ्चालनको अभिन्न अङ्ग बनाउनुपर्ने आवश्यकता देखिएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेड
सवारी स्कुटर लिलाम बिक्री गर्ने बारेको १५ दिने शिलवन्दी बोलपत्र आव्हानको सूचना

(शिलबन्दी बोलपत्र पेश गर्ने मिति २०८३/०८/०२ देखि २०८२/०५/१६ गते सम्म)

यस बैंकको स्वामित्वमा रहेको निम्नानुसार उल्लेख गरिएको सवारी साधन स्कुटर जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा शिलवन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुले गोप्य शिलबन्दी बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि गोप्य शिलवन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

क्र.सं.	सवारी साधनको विवरण	सवारी साधन नं.	स्थान
१	Hero Honda Pleasure Scooter	ग ५ प ७१५४	बैंकको शाखा रहेको स्थान न्युरोड, पोखरा

नोट: गोप्य शिलबन्दी बोलपत्र फारम पोखरा न्युरोड शाखाबाट नगद रु ५००/- (फिर्ता नहुनेगरी) खाता नं. (0143700524035) जम्मा गरी खरीद गर्न सकिनेछ । लिलामीका शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् । लिलाम बिक्री सम्बन्धी कुनै जानकारी लिनुपर्ने भएमा यस बैंकको न्यूरोड शाखामा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ । लिलाम स्विकृत गर्ने वा नगर्ने सर्म्पूण अधिकार बैंकमा निहीत रहने छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

न्युरोड शाखा
फोन नं: ०६१-५७७५०३/५०४
इमेल : pokharanewroad@gibl.com.np